**EUROPEAN UNION ELECTION OBSERVATION MISSION**
**NEPAL Constituent Assembly Election 2008**

# तनावपूर्ण निर्वाचन अभियानका बाबजुद अधिकांशतः सफल निर्वाचनले समावेशी लोकतन्त्रतर्फको कदमको सङ्केत गर्दछ

**काठमाडौं, २०६४ चैत ३० -** संविधानसभाको निर्वाचनले नेपालमा समावेशी लोकतन्त्रतर्फको एउटा महत्वपूर्ण कदमको प्रतिनिधित्व गर्दछ र यसले अहिलेसम्म कैयौं अन्तर्राष्ट्रिय मापदण्डहरू पूरा गरेको छ । केही मतदान केन्द्रमा मतदान रद्द हुने गरी सीमित सङ्ख्यामा हिंसा तथा मतदान बिथोल्ने घटनाहरू भए पनि निर्वाचनका दिन मतदान समग्रमा सहजरूपमा भयो । निर्वाचनको विपरीत अभियानको अवधि देशभरि तनावपूर्ण रह्यो र डर, त्रास र हिंसाका घटनाहरूबाट ग्रस्त थियो ।

*"कठिन परिस्थितिमा पनि मतदान अधिकांशत शान्तिपूर्ण तरिकाबाट भएकोमा म नेपाली जनताको प्रशंसा गर्दछु । मतदाताहरू ठूलो सङ्ख्यामा सहभागी भए र समावेशी निर्वाचनप्रतिको ठोस प्रतिबद्धता दर्शाए",* युरोपेली सङ्घ (ईयू) निर्वाचन पर्यवेक्षण मिसन (ईयू ईओएम)का प्रमुख पर्यवेक्षक जान मुल्डरले भन्नुभयो । *"देशभरि मतगणना प्रक्रिया हुँदा सबै राजनीतिक दल तथा तिनका नेताहरूले निर्वाचनको परिणामलाई धैर्यतापूर्वक पर्खेर जनताको आकाङ्क्षा तथा कानुनको शासनको सम्मान गर्नेछन् भन्ने अब हाम्रो हार्दिक आशा रहेको छ ।"*

निर्वाचन अभियानका क्रममा राजनीतिक दलका सदस्यहरूबीच झडपका कैयन् घटना भए र केही मानिसहरू मारिएकामा हामीलाई खेद छ । कानुन तथा व्यवस्थाको अभाव तथा कमजोर सुरक्षा वातावरणले डर र त्रासको आम वातावरणमा मलजल प्रदान गऱ्यो र समयसमयमा यसले स्वतन्त्रतापूर्वक निर्वाचन अभियानमा सहभागी हुन पाउने अधिकारलाई केही हद सम्म हनन गऱ्यो । सञ्चारमाध्यमको अभिव्यक्तिको स्वतन्त्रता सामान्यतया सम्मान गरिएको थियो तर पत्रकारहरूमाथि आक्रमणका केही घटना भए र अभियानका अन्तिम दिनतिर एकजना पत्रकारलाई अपहरण गरियो ।

निर्वाचन आयोग स्वतन्त्र, ठूलो मात्रामा पारदर्शी रह्यो र प्रभावकारीरूपमा उसले प्राविधिक तयारी गऱ्यो । तर केही सरकारी कर्मचारीहरू पक्षपाति भएको, राज्यका संसाधनको पनि केही मात्रामा दुरुपयोग तथा निर्वाचन हिंसासँग सम्बन्धित आचारसंहिताको उल्लङ्घनबारेका कैयन् उजुरीहरूलाई सम्बोधन गर्न आयोग विफल भयो । कानुनी खाकाले सामान्यतया अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको लोकतान्त्रिक तथा समावेशी निर्वाचन प्रक्रियाको व्यवस्था गरेको भए पनि अस्पष्ट उजुरी प्रक्रिया तथा ठोस निर्वाचन ऐनको अभाव पनि चिन्ताको विषय थियो । महिला तथा इतिहासदेखि नै सीमान्तकृत समुदायहरूका लागि आरक्षण लागू गर्ने कुरा एउटा महत्वपूर्ण फड्को हो तर मूलभूतरूपमा अपेक्षा गरिएजस्तै यसले संविधानसभामा बृहत् प्रतिनिधित्व सुनिश्चित नगर्न सक्छ ।

*"यो बहुप्रतीक्षित निर्वाचनले संवैधानिक सुधार तथा बहुदलीय लोकतन्त्रप्रति नेपालमा रहेको उत्साह प्रदर्शन गऱ्यो,"* ईयू पर्यवेक्षण मिसनको अङ्गका रूपमा रहेको युरोपेली संसद्को प्रतिनिधिमण्डलका प्रमुख जोसेप बोरेलले भन्नुभयो । *"हामी राजनीतिक दलहरूलाई आगामी साताहरूमा जिम्मेवारीपूर्वक कार्य गर्न र देशको लोकतान्त्रिक प्रगतिलाई अगाडि बढाउने प्रतिबद्धता देखाउन आग्रह गर्दछौं । निर्वाचन आयोगले पनि पारदर्शिता सुनिश्चित गर्ने आवश्यक तत्वका रूपमा अन्तिम परिणामहरू सविस्तार प्रकाशित गर्ने कुरा सुनिश्चित गर्नुपर्छ ।"*

ईयू ईओएमले गणना, परिणामको सारिणीकरण, उजुरीहरूप्रति निर्वाचन प्रशासनको प्रतिक्रिया तथा निर्वाचन आचारसंहिताका सिद्धान्तहरूप्रतिको राजनीतिक दलहरूको पालनालगायत बाँकी निर्वाचन प्रक्रियालाई नजिकबाट अवलोकन गर्न जारी राख्नेछ । भावी निर्वाचनका लागि सिफारिसहरूसहितको एउटा बढी विस्तृत अन्तिम प्रतिवेदन जुन महिनामा प्रकाशित गरिनेछ ।


थप जानकारीका लागि सम्पर्क गर्नुहोस् : अन्ना ओवेन, प्रेस अधिकृत
मोबाइल : ९७७ ९८४१ ८९०८८१
ल्यान्डलाइन : ९७७ १ ४४४१५०१/२
इमेल anna.owen@eueomnepal.org
कार्यालय : होटेल याक एन्ड यती, पश्चिमी भाग तेस्रो तला, दरबार मार्ग, काठमाडौं
वेबसाइट : www.eueomnepal.org